जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

व.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक १० २०७९ साल असोज १६ गते आइतवार (2 Oct 2022 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** चाडपर्वलाई लक्षित गर्दै ... **पृष्ठ ३ मा :** चाडपर्वलाई रमाइलो बनाउने ... **पृष्ठ ४ मा :** विश्व पर्यटन वर्ष २०२२ ... **पृष्ठ ५ मा :** सप्तरीका उद्योगि व्यवसायीहरु ...

# एमाले मधेशी विरोधी होइन भ्रम मात्र फैलाइयो : अध्यक्ष ओली



**राजविराज**/नेकपा

एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पार्टी तराई-मधेश विरोधी नभएको स्पष्ट बताएका छन् ।

राष्ट्रिय युवा संघ नेपाल मधेश प्रदेश कमिटिले शनिवार सप्तरीको क्षेत्र नं. १ कञ्चनरुप नगरपालिकाको सिमरास्थित धर्मेश्वर चौक मैदानमा आयोजना गरेको मधेश प्रदेश स्तरीय निर्वाचन परिचालन कमिटि घोषणा तथा आमसभालाई सम्बोधन गर्ने क्रममा उनले सो कुरा स्पष्ट पारेका हुन् ।

आमसभालाई सम्बोधन गर्दै उनले अरुले बीस वर्षमा गर्न नसकेको काम आफुले आफ्नो तीन वर्ष कार्यकालमा गरेर देखाइदिएको दावी समेत गरे । आफु प्रधानमन्त्री रहेको बेला मधेश विकासका लागि गरीब जनता आवास, हुलाकी राजमार्ग, चक्रपथ निर्माण, रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान, आधुनिक कृषि उत्पादन वृद्धि लगायतका दर्जनौं कार्यक्रम ल्याएको उनले बताए ।

उनले देशको रक्षा गर्ने विकासका गतिलाई तीब्र पार्ने पार्टी एमाले मात्र भएको दावी गर्दै केही राजनीतिक दल, समूह र व्यक्तिले आफ्नो स्वार्थका लागि एमाले मधेश विरोधी पार्टी भएको भ्रम फैलाउने गरेको आरोप समेत लगाए ।

उनले नागरिकता विधयकमाथि छलफल गर्न राष्ट्रपतिले दिएको सुझावलाई संसदभित्र छलफल नै नगरी विधयकलाई जस्ताको जस्तै पठाएर सरकारले गलत नियत देखाएको आरोप लगाउँदै मंसिर ४ गतेको निर्वाचन पछि एमाले नेतृत्वको सरकार बन्ने र एक महिनाभित्रमा नागिरकता समस्या पनि समाधान गर्ने बताए ।

गठबन्धन दलहरुको भरमा दम्भ देखाउँदै विधयकमा अनावश्यक कुरा राखेर प्रतिपक्षीसँग कुनै छलफलनै नगरी नागरिकता विद्येयक दोश्रो पटक पनि जस्ताको त्यस्तै पठाएको उनको भनाई थियो ।

जन्मसिद्ध नागरिकको सन्तानलाई नागरिक्ता दिने पक्षमा एमाले सदैव रहेको भन्दै उनले वर्तमान गठबन्धन सरकारले अनावश्यक बखेडा झिकेको

*बाँकी अन्तिम पृष्ठमा*

# सीट बाडफाडप्रति जसपाको असन्तुष्टि एक्लै पनि चुनाव लड्न सक्छ : जसपा प्रवक्ता सुमन



**राजविराज**/जनता

समाजवादी पार्टी (जसपा) नेपालले मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि पाँच दलिय गठबन्धन भित्र भइरहेको सिट बाडफाडमा असन्तुष्टि जनाएको छ ।

पार्टीका प्रवक्ता मनिषकुमार सुमनले शनिबार बसेको पार्टीको कार्यकारिणि समितीको बैठकले पाँच दलिय गठबन्धनमा सीट बाडफाडबारे पार्टी संतोषजनक अवस्था नदेखिएको स्पष्ट पारेका छन् ।

उनले सामाजिक संजालमार्फत दिएको जानकारी अनुसार गठबन्धनमा भएको सिट बाडफाडबारे जसपा सन्तुष्ट नरहेको जनाउँदै यसका लागि पार्टीले त्यसको विकल्पको रूपमा अन्य राजनीतिक दलहरूसंग पनि निर्वाचनमा सीटको तालमेल गर्न सक्ने उल्लेख गरेका छन् ।

गठबन्धन भित्र सिट बाडफाड बारे तालमेल नमिले अन्य पार्टीसँग समेत तालमेल गर्न सक्ने र त्यसमा पनि कुरा नमिले जसपा एक्लै पनि निर्वाचनमा भाग लिने निर्णय भएको उनले उल्लेख गरेका छन् ।

## विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**

**फोन नं. ०३१-५२१४७८**

**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

# सीट बाडफाड अन्यौलमै

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि पाँच दलिय गठबन्धनले अझै सिट बाडफाड टुङ्ग्याउन सकिरहेको छैन् । निर्वाचन आयोगले यही असोज २३ गते उम्मेदवारको मनोनय दर्ता गर्ने समय तोकिसकेको अवस्थामा पाँच दलिय गठबन्धनको सिट बाडफाड अन्यौलमै रहेकोले राजनीतिक परिवेश तातिएको छ । खास गरि मधेश प्रदेशमा पाँच दलिय गठबन्धन भर्सेस नेकपा एमाले, लोसपा र जनमत पार्टीबीच रोचक प्रतिष्पर्धा देखिने भएको छ । यस प्रदेशमा गठबन्धन भित्र रहेको नेपाली काँग्रेस र जनता समाजवादी पार्टी (जसपा) बीच सीट बाडफाडमा कुरा मिल्न सकिरहेको छैन् । काँग्रेसले ठूला दल रहेको भन्दै मधेश प्रदेशमा प्रतिनिधिसभा सदस्य सीट मध्ये आधा सीट लिने अडान लिएको छ भने जसपाले पनि आफूहरुपनि सोही अनुपातको सीट लिने दोहोऱ्याएपछि असन्तुष्टि बढ्दै गएको हो । यसरी दुबै दल आ-आफ्नै अडानमा अडिक रहेपछि गठबन्धनको ठोस निर्णय आउन सकिरहेको छैन् ।

यता नेकपा एमाले पुरै नेपालमा एक्ले निर्वाचनमा होमिने तयारी गरेको छ । सो पार्टीले एक दुई सीट बाहेक हालसम्म कोहीसँग पनि गठबन्धन गर्ने तालमेल गरेको छैन् । यस्तै लोसपाले निर्वाचनमा तालमेल गर्न समिति नै बनाएको छ तर, हालसम्म उसले पनि कुनै गठबन्धन गर्न सकेको छैन् । यसरी हेर्दा मधेश प्रदेश बाहेक अन्य प्रदेशमा पाँच दलिय गठबन्धन र नेकपा एमालेबीच चुनावी लडाई हुने पक्का पक्की भएको छ ।

उम्मेदवारको मनोनयन गर्ने समय एक हप्ता मात्र रहेकोले राजनीतिक गठबन्धनको तालमेल नमिलेपछि मतदाता र उम्मेदवार दुबै अलमलमा परेका छन् । निर्वाचन नजिकिँदै जाँदा सीटको बाडफाड अविलम्ब टुङ्गो लगाई निर्वाचनको वातावरणलाई सहज बनाउन दलहरु गम्भिर हुनु आवश्यक छ । तसर्थ विभिन्न चाडवाडको बीचमा चुनावी वातावरणलाई सहज तुल्याउन सबै दलहरुले उम्मेदवारको टुङ्गो लगाउनु आवश्यक छ ।

# चाडपर्वलाई लक्षित गर्दै प्रहरीद्वारा विशेष सुरक्षा योजना सार्वजनिक



**राजविराज**/दशैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीले विशेष सुरक्षा योजना सार्वजनिक गरेको छ ।

चाडपर्वमा हुने घटना/दुर्घटना न्यूनीकरण गर्न तयार पारिएको सुरक्षा योजना प्रहरीले सार्वजनिक गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अविनारायण काफ्लेले चाडपर्वको अवधिभर सवारी दुर्घटना, चोरी डकैती, लुटपाट, पटका लगायतका विस्फोटक पदार्थको तस्करी, कालबजारी दुर्घटना न्यूनीकरण तथा हिंसात्मक घटना हुन गर्न नदिन र आम जनतामा सुरक्षाको प्रत्यक्ष रुपमा अनुभूति दिलाई हर्ष उल्लासका साथ चाडपर्व मानाउने उद्देश्यले सुरक्षा योजना तयार पारिएको बताए ।

उनले मताहतमा रहेको प्रहरी कार्यालयहरुलाई आफ्नो जिम्मेवारी क्षेत्र भित्र शान्ति सुव्यवस्था कायम राख्न जिम्मेवारी समेत तोकिएको जानकारी दिए । प्रहरीद्वारा तयार परिएको सुरक्षा योजनामा जिल्लाभर कार्यरत करिब ७ सय प्रहरी, १७ वटा ४ पाङ्ग्रे र ३६ वटा २ पाङ्ग्रे रहेको छ ।

सूचना संकलनको लागि सादा पोशाकमा प्रहरी परिचालन गरी थप प्रभावकारी सुरक्षा व्यवस्था गरिने, प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको जिल्ला सुरक्षा समितिको निर्णयानुसार जिल्लास्थित रहेका नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान बिभाग जिल्ला कार्यालय सप्तरीसँग समन्वय सहकार्य गरी भरपर्दो सुरक्षा ब्यवस्था मिलाईने, बिभिन्न नाका र राजमार्गमा लुटपाट, चोरीका घटनाहरू हुन गर्न नदिन संवेदनशिल क्षेत्रलाई विशेष निगरानीमा राखी प्रहरी टोली परिचालन गरिने, बिभिन्न स्थानहरूमा सरप्राईज चेक लगायतका चेक प्वाईन्ट राखिने, सादा पोशाकमा प्रहरी परिचालन र नियमित गस्तीद्वारा वर्जित क्रियाकलापहरू हुने स्थान पहिचान गरी प्रहरी कारवाही अगाडि बढाईने छ ।

यसैगरी बिभिन्न स्थानमा पिकेटहरू खटाई सार्वजनिक स्थान र सवारीसाधनमा हुन सक्ने दुर्व्यवहारलाई नियन्त्रण गरिने, मदिरा पसल र भट्टीहरूलाई निगरानीमा राखि समयमा नै बन्द गराईने, लामो दूरीका सवारी चालकको अदली बदलीको अनुगमन गर्ने तथा क्षमता भन्दा बढी यात्रु बोक्ने, छतमा यात्रा गराउने, अवस्था ठीक नभएका सवारी चलाउने जस्ता कार्यलाई पूर्ण रुपमा नियन्त्रण गर्ने, बढी भाडा लिने सवारी साधनलाई कारवाही गर्ने, बसपार्कहरुमा यात्रा सुरक्षासँग सम्बन्धित सूचना निरन्तर रुपमा प्रसारण गरी सम्पूर्ण यात्रुहरुलाई सु-सूचित बनाउन इलाकास्तरमा यात्रु सहायता कक्ष राखिने जस अनुसार संवेदनशिल क्षेत्रहरु राजमार्गमा बढी दुर्घटना हुने स्थान, मठ मन्दिरको मेलाकोसमयमा हुने भिडभाडलाई विशेष निगरानी राखी प्रहरी टोली परिचालन गरिने, बैंक तथा वित्तीय संस्थालाई लक्षित गरी प्रहरी परिचालन गर्ने र त्यस स्थानहरूमा भिडभाड हुन नदिन मोबाईल, पिकेट खटाईने, बैंकका गार्डहरुको निगारानी गर्ने र रातको समयमा चनाखो रहन जानकारी गराउने, एटिएम रहेको स्थानहरुको पहिचान गरी २४ सौं घण्टा सुरक्षा व्यवस्था मिलाउने लगायतका २५ बुंदे सुरक्षा रणनीति तयार गरेका छन् ।

सोही कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले जिल्लामा शान्ति सुरक्षालाई प्रभावकारी बनाउन जिल्लास्थित मातहतका सुरक्षा निकायका प्रतिनिधिहरुलाई आग्रह गरे । प्रहरी प्रशासन सरकारको अनुहार हो, प्रजिअ थापाले भने, इमानदारीका साथ कर्तव्य निर्वाह गर्दै सर्वसाधारणमा सरकारको उपस्थिति भएको भान गराउनुपर्छ । उनले जिल्लाको सुरक्षा व्यवस्था बारे बेलाबखत अनुगमन समेत गर्ने बताए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मतहतका प्रहरी कार्यालयका प्रमुख तथा बिभिन्न राष्ट्रिय तथा स्थानीय संचार माध्यममा कार्यरत संचारकर्मीहरुको उपस्थित रहेको थियो ।

# अवैध चाँदीका गरगहनासहित दुई पक्राउ

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकाबाट प्रहरीले १३ किलो अवैध चाँदीका गरगहनासहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा झापाको शिवसतासी नगरपालिका २ बस्ने २५ वर्षीय करण लोहार र कमल गाउँपालिका ४ का ३५ वर्षिय मनी विश्वकर्मा छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले बरामद सामानको १४ लाख ११ हजार ७ सय ७ रुपैयाँ मूल्यांकन गरिएको जानकारी दिए । बरामद सामानहरुमा चाँदीका औठी, काडा, बाला, ब्रासलेट, सिक्री लगायतका गरगहना छन् ।

सिमावर्ती क्षेत्रमा शंकास्पद अवस्थामा हिडडुल गरेको देखेपछि चेकजाँच गर्दा उनीहरुले बोकेको झोलाबाट उक्त परिमाणको अवैध चाँदीको गरगहनाहरु बरामद भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आईतवार साँझ पक्राउ परेका उनीहरुलाई चाँदीका अवैध गरगहनासहित सोमवार आवश्यक कार्वाहीका लागि सुनसरी इटहरीस्थित राजस्व अनुसन्धान कार्यालय चलान गरिएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

# चाडपर्वलाई रमाइलो बनाउने खानपान

**दिलीप ढकाल**

नेपाली समाजमा दसैंतिहारलयागतका चाडपर्वहरू नजिकिइसकेका छन् । नेपाली संस्कार-संस्कृति, चाडपर्व, रीतिरिवाजले नै हामीलाई नेपाली पहिचान प्रदान गरेका हुन् । हाम्रो बाह्य रूप भारतीय, पाकिस्तानी, बङ्गलादेशी अथवा धेरै देशका मान्छेसँग मिल्छ तर हामी ती सबैभन्दा फरक छौं किनभने हाम्रो भाषा, संस्कार-संस्कृति, चाडपर्व, रीतिरिवाज आफ्नै प्रकारका छन् । त्यसैले हाम्रो पहिचानमा हाम्रा चाडपर्वहरूको भूमिका अहम् छ ।

उचित खानपानले चाडपर्वलाई थप ऊर्जावान् बनाउँछ । हामीले सधैं खान्छौं । चाडपर्व नआए पनि शरीरलाई चाहिने खानाको मात्रा पुऱ्याएकै हुन्छौं । जब चाडपर्व आउँछन्, अनि हामीले खानाको मात्रा बढाउन थाल्छौं । शरीरलाई चाहिने जति मात्र खाना भए पनि हुन्छ । यद्यपि चाडपर्वमा ऋण खोजेरै भए पनि चाहिनेभन्दा बढी खाना खान्छौं । अरू बेलाभन्दा चाडपर्वमा बढी मिठो बनाउनुपर्छ भनेर भातमा धेरै घिउ हाल्छौं, तरकारीमा धेरै तेल-मसला हाल्छौं । अरू बेला जति मासुले भान्सा अघाउँथ्यो, चाडपर्वमा हरेक छाक साबिकभन्दा दुईतीन गुणा बढी मासु भुट्छौं अनि कोची कोची खान्छौं । मासु मात्र खाएर कहाँ चाडपर्व रमाइलो हुन्छ र ? मासुलाई सितन बनाएर रक्सी खान्छौं । रक्सी पनि अघिपछिभन्दा दुईतीन गुणा बढी नै खान्छौं, अचेत हुने गरी । एकैछिन रक्सीको तालमा ठुला ठुला गफ गर्छौं, अनि आधारातितिर अचेत भएर सुत्छौं । भोलिपल्ट उठ्दा सूर्यदेव आकाशमाथि पुगिसकेका हुन्छन् । खानपान बिग्रन्छ, निद्रा बिग्रन्छ, मन बिग्रन्छ, शरीर बिग्रन्छ अनि दुख्न थाल्छ टाउको । चाडपर्वमा हामी जति उत्साहित हुन्छौं, उति नै खानपान बिगार्छौं ।

यो त चाडपर्वमा हाम्रो खानपान कसरी बिग्रन्छ भन्ने साङ्केतिक सन्दर्भ मात्र भयो । स्वास्थ्य नबिग्रने गरी चाडपर्वलाई मनोरञ्जनपूर्ण तरिकाले मनाउनु सधैंको आवश्यकता हो । अरू बेलाभन्दा चाडपर्वकै बेला हाम्रो स्वास्थ्य बिग्रिराखेको हुन्छ, कारण खानपान र जीवनशैली नै हो । हामी सबैले चाडपर्व धुमधामका साथ मनाऔं तर यसरी मनाउँदा स्वास्थ्यको ख्याल गरौं । अनावश्यक तडकभडक नगरौं। जाँडरक्सी-जुवातासले मात्र रमाइलो हुन्छ भन्ने मनोभावना त्यागौं । मासुबिना पर्व, भोज हुँदैन भन्ने विचार त्यागौं। सबैभन्दा महत्वपूर्ण कुरा पुराना संस्कारयुक्त प्रचलनहरूलाई जोगाऔं अर्थात् हाम्रो संस्कारसंस्कृतिलाई नभुलौं । संस्कृतिको नाममा विकृति नभित्र्याऔं ।

**मासु कम, शाकाहार बढी गरौं**

चाडपर्व आएसँगै हाम्रो भान्सामा मासुका परिकार बढी पाक्न थाल्छन् । मासुमा राम्रा तत्व पनि धेरै हुन्छन् तर यसको बढी प्रयोगले स्वास्थ्यमा नकारात्मक मात्र प्रभाव पर्छ । मासुमा प्रोटिन त पाइन्छ तर पाचन प्रक्रियालाई चाहिने रेसादार, छोक्राबोक्रा नहुने र बोसो बढी हुने भएकाले पच्न गाह्रो हुन्छ । परिणामतः कब्जियत हुन्छ । मासु खानै पर्ने पनि होइन र नखाई नहुने पनि होइन । स्वास्थ्यका हिसाबले मासु नखाने बाटोमा लाग्नु उपयुक्त हुन्छ तर खानै परे पनि प्रशस्त हरियो सागसब्जी, गाजर, फलफूलसँग मिलाएर खाँदा जति हानी गर्ने हो त्यसबाट बच्न सकिन्छ ।

दसैंमा एक दिन खसी काटेर धेरै दिनसम्म खाने चलन छ। यसरी धेरै दिनसम्म मासु राखेर खानु स्वास्थ्यका लागि राम्रो हुँदैन । त्यसैले स्वास्थ्यका लागि मासुजन्य पदार्थ कम तथा शाकाहार भोजन बढी गर्नु नै उपयुक्त हुन्छ ।

**ऋताहार, मिताहार र हिताहार**

प्रकृतिजन्य खाना नै स्वस्थ खाना हो । प्रकृतिले ऋतुअनुसार हितकर खाना प्रदान गरेको हुन्छ । हामीले बेसिजनका खाना, तरकारी, फलफूल खायौं भने त्यसले नकारात्मक असर गर्छ । त्यसैले ऋताहार अर्थात् ऋतुअनुसारको उत्पादन आहार गरौं । मिताहार अर्थात् ऋतुअनुसारको खाना पनि उचित मात्रा मिलाएर आहार गरौं । त्यसैगरी हिताहार अर्थात् आफ्नो शरीर, स्वास्थ्य, उमेर आदिको ख्याल गरेर हित गर्ने आहार गरौं । बेमौसमी खाना जति स्वादिलो र हेर्दा राम्रो देखिए पनि स्वस्थकर हुँदैन । अझै दसैंतिहारजस्ता चाडबाडमा स्वास्थ्यमा झनै ख्याल गर्नुपर्छ किनभने यस्तै रमाइलो अवसरमा हामीले स्वास्थ्य धेरै बिगार्छौं ।

**स्वादका पछि नलागौं**

खाना जीवन निर्वाहका लागि हो। अचेल मानिस मिठो र जिब्राको स्वादका पछि दौडिरहन्छन्। बच्चाबच्चीहरू चाउचाउ, कुरकुरे, चिजबल, बन्द जुसजस्ता खानामा बढी लोभिएका पाइन्छन् । यसको कारण नै स्वाद हो । यस्तो खानेकुरा किन बढी स्वादिला हुन्छन् भन्ने कुरा बुझ्नु जरुरी छ । महिनौंसम्म प्याकेटमा बन्द गरेर पनि नबिग्रनु अनि स्वाद सधैं तेजिलो आइरहनुमा ती खानेकुरामा हालिएका रासायनिक पदार्थ अनि स्वादका लागि हालिएका अस्वस्थ मरमसला नै हुन् । यस्ता खाना स्वास्थ्यका लागि अत्यन्त अहितकर हुन्छन् । फेरि यस्ता खानेकुरा चाडबाडमै बढी खपत हुने गरेको देखिन्छ । त्यसैले चाडबाडमा यस्ता खानेकुराको प्रयोग नगरौं । बच्चाबच्चीलाई यस्ता प्याकेटिङ अस्वस्थ खानेकुराबाट टाढै राखौं । यस्ता खानेकुरा खानै पर्ने भएमा घरमै बनाएर खाऔं । त्यसैगरी चिल्लो, पिरो, अमिलो र तारेभुटेका खानेकुरा पनि मात्रा मिलाएर मात्र खानुपर्छ । पकाएर खाने खानेकुरामा पनि नुन, खुर्सानी, मसला र चिल्लो कम राखेर पकाउनुपर्छ । त्यसैले रोग लाग्न नदिन र लागेको रोगबाट मुक्त हुन बेलैमा विचार पुऱ्याउनुपर्छ ।

**पानीको उचित सेवन गरौं**

स्वास्थ्यका लागि उचित मात्रा पानीको सेवन गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ । चाडपर्वमा अधिकांशले प्रोटिनजन्य खाना तुलनात्मक रूपमा धेरै खान्छन् तर पानी कम खान्छन् । पानीको कमीले शारीरिक स्फुर्ति, मानसिक शक्ति दुवैमा ह्रास आउँछ । बिहान उठ्नासाथ दुईतीन गिलास मन तातो पानी, दिनभरि पटकपटक अनि सुत्नुभन्दा अगाडि मन तातो पानी एक गिलास पियौं भने पानीको मात्र पुग्छ । चाडपर्वमा खाने, बस्ने, हिँड्ने ठेगान भएन भने स्वास्थ्यमा नराम्रो प्रभाव पर्छ ।

**योजनामा चाडपर्व मनाऔं**

नेपाली समाजमा चाडबाडको महत्व अत्यन्त ठुलो छ । लुगा किन्ने, मिठा परिकार खाने, नयाँ ठाउँमा घुम्ने, आफन्तकहाँ टीका थाप्न जाने, दक्षिणा दिनेजस्ता हरेक कार्य आर्थिक पाटोसँग जोडिएर आउने गर्छन् । चाडपर्व आउनुअघि कुनकुन शीर्षकमा कति र कसरी खर्च गर्ने भन्ने पूर्व योजना बनाउनु बुद्धिमानी हुन्छ । शारीरिक, मानसिक र आर्थिक रूपमा तयार भएर मात्र चाडपर्व मनाउनाले थप आर्थिक भार थेग्नुपर्दैन र चाडपर्व बोझिलो पनि हुँदैनन् । अझ घरमा कामको बाँडफाँड समेत गऱ्यौं भने यस्ता पर्वहरू झनै रमाइला बन्छन् । चाडपर्वमा भान्सामा धेरै समय बितेको हुन्छ । देशविदेश गएका परिवारजन, आफन्तजन घर फर्कने भएकाले भान्सा सधैं व्यस्त हुन्छ । भान्साको जिम्मेवारी महिलालाई मात्र दिनुभन्दा मिलेर खाना पकाउने, भान्सालाई स्वस्थ बनाउन केकस्ता खानेकुरा खाने भन्ने सल्लाह गर्ने हो भने चाडपर्व थप व्यवस्थित हुन्छन् अनि खाना पनि थप स्वस्थ बन्छ । सबैले खाइसकेपछि मात्र आमा दिदीबहिनीले खाने, उहाँहरूले रहेको खाना मात्र खाने जस्तो गरेको पनि भेटिन्छ । यो स्वास्थ्यका लागि हानिकारक छ । महिलाहरूमा पुरुषको तुलनामा ग्यास्ट्रिकको समस्या बढी देखिनुको एउटा कारण यो पनि हो । त्यसैले यस्ता चाडपर्वमा खाने खाना, गर्ने रमाइलोका विषयमा योजनाबद्ध छलफल हुनु जरुरी छ। यस्तो छलफलले चाडपर्वलाई थप स्वस्थ र रमाइलो बनाउँछ ।

**प्रयाप्त शारीरिक व्यायाम गर्नें**

स्वास्थ्य कायम राख्न सघाउने विज्ञानसम्मत् विधि हो- व्यायाम। नियमित व्यायामले एकातिर शारीरिक स्वास्थ्य जोगाइ राख्छ भने अर्कातिर मानसिक रूपमा समेत सशक्त बनाउँछ । चाडपर्वमा आवश्यकताभन्दा बढी खानेकुरा खाइने हुनाले व्यायाम पनि अरू बेलाभन्दा बढी नै आवश्यकता पर्छ । चाडपर्वमा समय मिलाएर खेतबारीमा परिश्रमयुक्त काम गऱ्यौं भने शारीरिक व्यायामको मात्रा सिर्जनात्मक रूपमा पूरा हुन्छ । दसैंतिहारजस्ता चाडपर्वमा अरू बेलाभन्दा बढी खाना खाने तर शारीरिक अभ्यास कम गर्ने गरेको पाइन्छ । दिनभरि जुवातास खेल्ने, जाँडरक्सी खानेजस्ता काम गर्दा शरीरमा नकारात्मक स्वास्थ्य प्रभाव पर्छ । त्यसकारण स्वस्थ हुनका लागि पसिना निस्कने गरी प्रयाप्त शारीरिक अभ्यास गर्ने कुरामा कहिल्यै अल्छी नगरौं ।

अध्ययनले भन्छ, अहिले खान नपाएर मर्ने मान्छे थोरै छन् तर धेरै खाएर अनि खान नजानेर मर्ने मान्छे करोडौं छन् । सन्तुलित भोजन नै जीवनलाई स्वस्थ बनाउने अनि चाडबाडलाई रमाइलो बनाउने प्रमुख अस्त्र हो । यहाँ प्रस्तुत गरिएका चाडबाडमा अपनाउनुपर्ने सन्तुलित भोजनसम्बन्धी विचारको सारलाई यसप्रकार बुँदागत रूपमा समेट्ने छ ः

- मांसाहार कम, शाकाहार बढी गर्ने
- रातो मासु र बढी चिल्लो नभएका परिकार बनाउने
- खानामा बजारमा प्याकेटिङ गरिएका चिजबिजलाई नसमेट्ने
- बजारमा पाइने कृत्रिम पेय पदार्थको सट्टा घरमै ताजा जुस बनाएर सेवन गर्ने
- भुटेका र तारेका खाना तथा मासुका परिकार कम बनाउने
- खानामा सलाद र फलफूल अनिवार्य रूपमा समावेश गर्ने
- बिस्तारै चपाएर खाने
- ऋतुअनुसारका खाना खाने
- आफ्नो स्वास्थ्यको ख्याल गर्दै शरीरलाई हित गर्ने मात्र खाना खाने
- शरीरका लागि आवश्यक पर्ने पानी मात्रा मिलाएर खाने
- अनिद्रा नबस्ने
- खानपान र चाडपर्वलाई रमाइलो बनाउनका लागि सार्थक योजना बनाउने
- दिनभरि रातभरि एकै ठाउँमा बसेर पानी पनि नखाई जुवाताजजस्ता खेल खेलेर स्वास्थ्यलाई बरबाद नपार्ने
- नियमित खानुपर्ने औषधि समयमै खाने, लामो यात्रा गर्नुपर्ने छ भने पर्याप्त पुग्ने औषधि लिएर हिँड्ने
- पर्व तथा भोजमा बनाइएका परिकार सकेसम्म कम खाने, घरमा बनाएका परिकारमा जोड दिने
- पसिना निस्कने गरी दैनिक व्यायाम र हिँडडुल गर्ने, घरायसी काम धेरै गर्ने । नागरिकबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# निर्वाचन खर्च विवरण र आयोगको 'रकमी' निर्णय

**वृषेशचन्द्र लाल**

निर्वाचन आयोगले स्थानीय निर्वाचनमा सहभागी भएका १ लाख २३ हजार ६ सय ५० जना उम्मेदवारहरुलाई निर्वाचनको खर्च विवरण बुझाउन नसकेको कारणले जरिवाना गरेको छ । र, त्यसबाट २४ अरब ६३ करोड ८८ लाख रूपियाँ असुल उपर हुने बताएको छ ।

निर्वाचन आयोगको यस निर्णयप्रति पहिलो दृष्टिमा वाहवाही दिनेहरु पनि धेरै छन् । तथापि यस्तो निर्णयको सावधानीपूर्वक अध्ययन र चिरफार गर्नु आवश्यक देखिन्छ । सर्सर्ती हेर्दा काम राम्रो देखिए पनि आयोगको यो कदम विशुद्ध राजनीतिक र कुनै ठूलो योजनाअन्तर्गत भएको अनुमान धेरैले गरेका छन् ।

स्थानीय निर्वाचनमा गाउँ,नगरस्तरका नागरिकले भाग लिने हुन् । स्थानीय सरकार र त्यसको सहभागिताको अर्थ नै यही हो र यही नै हुनु पनि पर्दछ । यस सन्दर्भमा मान्य तथ्य यो पनि हो कि सबैखाले निर्वाचनमा जनताको अत्यधिक सहभागिता होस् भन्ने वातावरण बनाउनु निर्वाचन आयोगको प्रमुख कर्तव्यमध्ये एक हो । खास गरी स्थानीय निर्वाचनमा त झन सामान्य जनताको उम्मेदवारी र सहभागिता होस् भन्नेतिर आयोगको विशेष ध्यान जानुपर्ने हो ।

तर,निर्वाचन खर्चको विवरणको विषयसंग सम्बन्धित विषयमा जसरी निर्वाचन आयोगले पहिलो पटक हदैसम्म जरिवाना ठोकेर आफ्नो अधिकारको प्रदर्शन गरेको छ,त्यससंग सहमत हुन सकिन्न ।

ग्रामीण वा स्थानीय तहका जनतामा कानूनको ज्ञान अर्थात् कानूनी साक्षरताको स्तर हामी सबैलाई थाहा छ,निर्वाचन आयोगलाई पनि थाहा होला । तैपनि हदैसम्मको जरिवाना चित्त नबुझ्ने किसिमको छ । यस किसिमको कानूनी सचेतना बढाउन जरिवानाको एउटा तरीका हुन सक्छ,तथापि यसबाट तत्काल पर्ने प्रभावबारे निर्वाचन आयोगसमेत सचेत हुनु जरुरी छ । यसको निमित्त बारम्बार चेतावनी,उम्मेदवारहरुलाई पत्राचार,राजनीतिक दलहरुको बैठक गरी खर्च विवरण पेश गराउन दबाब आदि उपयुक्त तरीका हुन्थ्यो ।

निर्वाचन आयोग यी सबैका लागि विज्ञप्ति वा सूचना मात्रको तरीका प्रयोग गरेको छ,जसले सम्बन्धितलाई जानकारी र त्यसपछि सफाईको पर्याप्त मौका दिने आयोगको नियत नरहेको र जरिवाना नै गर्ने भन्ने भित्री मनसाय रहेको दर्शाउँछ ।

सम्बन्धित ऐनको दफा २६ को उपदफा (४) मा 'उपदफा (१) वा (२) बमोजिम जरिवाना गर्नु वा उपदफा (३) बमोजिम निर्णय गर्नुअघि आयोगले सम्बन्धित राजनीतिक दल वा व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ' भन्ने व्यवस्था छ ।

ऐनमा कानूनको भाषा उदार नभई अनुदार किसिमको छ । सामान्यतया कानूनमा जरिवानाको हद तोकिंदा 'सम्म'को प्रयोग हुनुपर्नेमा निर्वाचन आयोग ऐन,२०७३ को दफा २६ मा त्यसो गरिएको छैन । कानून निर्माणको दृष्टिले यो एउटा त्रुटि नै हो । तैपनि यस दफामा जरिवाना 'गर्न सक्नेछ' भन्ने शब्दावली प्रयोग गरिएको छ,जसको निश्चय नै अर्थ र मर्म छ,यसको मनन गर्नु पर्दछ ।

जरिवानाको यस प्रकरणले स्थानीय तहको निर्वाचनमा भाग लिने अधिकांश डराएका छन् । खास गरी अनुचित पैसा नकमाउने,गरीब,दलित,पिछडावर्ग,पिछडिएको क्षेत्रका नागरिक,महिला आदि अब फेरि निर्वाचनमा उम्मेदवार बन्न सजिलै तयार हुने छैनन् । यसरी स्थानीय सरकारको जुन अवधारणा हो, त्यसमा नकारात्मक असर पर्ने अनुभव गरिदैछ । यस्तो कदमले हुनेखाने,धूर्तहरुको स्थानीय तहमा पकड बढाउने र सामान्य जनताको पहुँच टाढिने कार्य भएको जस्तो लाग्दछ ।

निर्वाचन आयोगको जरिवानासम्बन्धि यो कार्य प्रतिनिधिसभाको सदस्यको समानुपातिक प्रणाली वा पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारहरुको दबाब नबढोस् भन्ने रणनीतिले त गरिएको होइन भन्ने सवाल पनि उठ्नु स्वाभाविक नै हो ।

किनभने, यसरी दबाब कम हुँदा ठूला आकारका दलहरुलाई मात्र लाभ हुन्छ । ठूला दलहरुमा उम्मेदवार हुनेहरूको संख्या घट्छ र भर्खरका दलहरु उम्मेदवार नपाउने गरी संकटमा पर्छन् । त्यसैले लुकेको रणनीति ठूला दललाई लाभ पुर्याउने हुन सक्ने अनुमान पनि भइरहेको छ ।

त्यसै पनि नेपालका राजनैतिक अभिजात्य वर्ग र राजनीतिलगायत अन्य क्षेत्रका भुईंफुट्टावर्ग नेपालमा सिमान्तीकरणमा परेकाहरू अथवा जनप्रतिनिधित्वको मामिलामा आमूल परिवर्तन चाहनेहरू संगठित हुन नसकुन् र दुइटा भन्दा बढी राजनीतिक दल रहँदै नरहोस् भनेर राजनीतिको विशेषज्ञ र विश्लेषकको आवरणमा तानाबाना र जाल बुनिरहेका छन् । आयोगको उल्लेखित निर्णय यसखाले प्रयासको पक्षपोषण गरिरहेको भान हुन्छ ।

आयोगले आफ्नो निर्णयमा छ महिनाभित्र जरिवाना बुझाउन भन्दै,जरिवाना नबुझाए त्यस्ता उम्मेदवार अथवा व्यक्ति निर्णय भएकै मितिदेखि ६ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन नपाउने घोषित गरेको छ । यहाँ यसको अर्थ कि त जरिवाना बुझाऊ कि ६ महिनाभित्र नबुझाए ६ वर्षको निमित्त निर्वाचनमा भाग लिनबाट अयोग्य बन । ऐनको स्पष्ट भाषा यही हो ।

तर, यहाँ आयोगले आफ्नो निर्णयमा निर्णय भएको मितिले लागू हुने गरी थपेर ऐनको मनसाय विपरित आदेश जारी गरेको छ । यहाँ निर्णयको भाषाले ६ महिनासम्ममा नबुझाए दुबै सजाय हुने अर्थ निकालिएको समेत देखिन्छ । यसबाट निर्वाचन आयोग प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सकेसम्म रोक्ने नियत राखेको शंका उत्पन्न हुनु अस्वाभाविक भएको भन्न सकिन्न ।

ऐनको दफा २६ मा निर्वाचनमा निर्धारित हदभन्दा बढी खर्च गरेमा सजाय गरिने व्यवस्था छ । तर,निर्वाचन आयोगले निर्वाचनको क्रममा वा खर्च विवरण प्राप्त भएपछि कसैले निर्धारित हदभन्दा बढी खर्च गरेको,नगरेको जाँच गर्ने वा त्यसो गर्नेलाई सजाय गर्ने कार्यलाई महत्व दिएको छैन । त्यस्तो जाँच गर्ने कुनै क्रियाविधि रहेको जानकारीमा छैन ।

वास्तवमा उम्मेदवार निर्वाचनको बेलामा बढी खर्च गरिरहेको छ,छैन त्यस्को प्रभावकारी अनुगमनको एहसास पनि जनतालाई कहिल्यै भएको छैन । यस्तो लाग्छ,निर्वाचन आयोग हदभन्दा बढी खर्चको बारेमा खास ध्यान दिन नै चाहँदैन । जसोतसो खर्च विवरण लिएर वा नदिनेलाई जरिवाना गरेर आफ्नो कर्तव्य पूरा गर्नमा लक्षित छ ।

जबकि निर्वाचनको क्रममा हदभन्दा बढी खर्चको प्रवृतिको नियन्त्रण सबैभन्दा महत्वपूर्ण हो । निर्वाचनको खर्च आवश्यकता भन्दा बढी भइरहेको अहिलेको अवस्थामा त्यसलाई क्रमशः घटाउँदै लैजानु नितान्त आवश्यक रहेको बेला निर्वाचन खर्च हदको सीमा हरेक निर्वाचन आउँदा बढाउने र बढी खर्च गर्नेहरुलाई सजिलो बनाउने काम मात्र भइरहेको अवस्था छ । यस्तो नीतिमा तत्काल सुधारको आवश्यकता देखिन्छ ।

**निष्कर्ष**

निर्वाचन आयोगले निर्वाचनमा भाग लिएकाहरूबाट खर्चको विवरण लिनु अनुचित पक्कै होइन,तथापि यसलाई लागू गर्दा यसको निश्चित प्रक्रियाविधि निर्धारित गरेर सो बमोजिमको जानकारी उम्मेदवार हुनेहरु वा निजका प्रतिनिधिहरुको अनिवार्य उपस्थिति भएको अभिमुखीकरण कार्यक्रममा प्रत्येक निर्वाचन क्षेत्रमा दिनु आवश्यक छ ।

यसका साथै निर्वाचनमा कुनै उम्मेदवारले हदभन्दा बढी खर्च वा निर्वाचन आचारसंहिता विपरित त गरिरहेको छैन भन्ने कुराको तत्काल प्रभावकारी अनुगमन पनि गर्ने व्यवस्था हुनु त्यतिकै आवश्यक छ ।

अहिलेसम्म देखिएको अभ्यासमा सम्बन्धित अधिकृतले उजुरी नआएको वा यो काम अरुको भएको अथवा प्रशासनले गर्ने हो,निर्देशन दिइसकिएको वा आवश्यक जनशक्ति र साधन नभएको जवाफ दिने गरेका छन् ।

मौन अवधि सुरु हुने बेला २,४ वटा पोस्टर तुल हटाएर कर्तव्य पूरा गरेको पनि देखाइने गरिन्छ । त्यति बेलासम्म सम्बन्धित उम्मेदवार आफ्नो उद्देश्य पूरा गरिसकेका हुन्छन् र साधन श्रोतले कमजोर उम्मेदवारहरु त्यसको शिकार बन्दछन् । यी सबमा सुधारको आवश्यकता छ ।

भारतमा टीएन शेषनको पालादेखि गरिएको सुधार भारतीय निर्वाचनबाट धेरै कुरितिहरू हटाउन सफल भयो । चाहना राखियो भने,यहाँका बेथितिहरु पनि नियन्त्रण गर्न सकिन्छ ।

स्थानीय तहको निर्वाचनको खर्च विवरणबारे हालसालै भएको निर्णय त्रुटिपूर्ण छ । यसभन्दा पहिले यसलाई व्यवहारमा नउतारिएकोले कारबाही गर्नुभन्दा पहिले पर्याप्त जानकारी र प्रचार प्रसार गरी स्थितिको गम्भीरता बताउनु पर्थ्यो,जो गरिएन ।

ऐनअनुसार कुनै निर्वाचनमा भाग लिन निर्णय भएकै मितिदेखि अयोग्य घोषित गर्नुभन्दा दिइएको म्याद अर्थात् ६ महिनाभित्र नबुझाएपछि लागू गर्ने निर्णय हुनुपर्थ्यो, जो भएन । यसले अधिकांश अपेक्षाकृत कमजोर,कानूनको पर्याप्त ज्ञान नभएको र खास गरी महिला, दलित, पिछडावर्ग, पिछडिएको क्षेत्रका गरीब वा निम्न मध्यमवर्गीय उम्मेदवारहरु जरिवानाको मारमा परेका छन् ।

यसले स्थानीय तहको निर्वाचनमा सामान्यजन र सिमान्तीकरणमा परेकाहरूलाई उत्साहित होइन, निरुत्साहित गर्ने हुनाले निर्वाचन आयोगले यस निर्णयप्रति पुनर्विचार गर्नु जरुरी छ । यसतर्फ उत्पन्न समस्याको कानूनी निदानको निमित्त यस क्षेत्रमा रुचि राख्ने सबैको ध्यान पुग्नु आवश्यक देखिन्छ । रातोपाटीबाट

# विश्व पर्यटन वर्ष २०२२ को शुभारम्भ

**राजविराज**/सप्तरीका होटल तथा पर्यटन व्यवसायीले विश्व पर्यटन वर्ष २०२२ को शुभारम्भ गरेका छन् ।

होटल तथा पर्यटन व्यवसायी संघ सप्तरीको अगुवाईमा मंगलवार भारतीय पर्यटक भित्रीने प्रवेशद्वार भारदहस्थित प्रसिद्ध शक्तीपीठ कंकालिनी भगवती मन्दिर तथा राजविराज विमानस्थलमा आईपुगेका स्वदेशी एवं विदेशी पाहुनालाई स्वागत गरेर पर्यटन वर्ष २०२२ को शुभारम्भ गरिएको हो ।

यस्तै सप्तरी उद्योग बाणिज्य संघको सभाकक्षमा स्वदेशी तथा विदेशी अतिथीहरुको स्वागत तथा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना समेत गरिएको छ ।

कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले पर्यटन क्षेत्रको प्रवर्द्धनका लागी मास्टर प्लान बनाएर बिकास गर्न सकिने बताएका छन् ।

उनले जिल्लाको पर्यटन क्षेत्रको बिकासका लागि धार्मिक पर्यटन क्षेत्रहरूको होडिंग बोड राखी ब्याप प्रचार प्रसार, पर्यटकहरूको ब्यबस्थित बसोवास गरी सबैको समन्वयमा पर्यटन क्षेत्रको बिकास गर्न सकिने उल्लेख गरे ।

होटल तथा पर्यटन व्यवसायी संघ सप्तरीका अध्यक्ष शैलेश चौधरीको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख बिरेन्द्र माझी, मधेश प्रदेश उधोग बाणिज्य संघका उपाध्यक्ष अरुण प्रधान, जिल्ला अध्यक्ष लालु प्रसाद अग्रवाल, नाटाका प्रदेश उपाध्यक्ष हैदर अली, समाजसेवी सम्पत कोइराला, उमेश यादव लगायतले स्वागत सहित शुभकामना दिए ।

कार्यक्रमका अधिकाँश वक्ताले कोभिड पछिको पर्यटनलाई अगाडी बढाउन सरकारी तवरबाट हुनु पर्ने सहयोग नपाएको गुनासो पोखे । उनीहरुले मुलुकको अर्थतन्त्रमा पर्यटन तथा होटल उधोगले ठूलो योगदान गरेको चर्चा गर्दै होटल उधोगलाई राष्ट्रि प्राथमिकतामा राख्न माग समेत गरे ।

यसअघि मंगलबारै जिल्लाको हनुमाननर कंकालिनी नगरपालिकास्थित कंकालिनी मन्दिरमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई प्रोत्साहनका पर्यटकहरुलाई फुलमालाले स्वागत गरिएको थियो ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# सप्तरीका उद्योगि व्यवसायीहरु बैंक बिरुद्ध आन्दोलित

**राजविराज**/सप्तरीका उद्योगि व्यवसायीहरु नेपाल राष्ट्र बैंकको मौद्रिक नीति बिरुद्ध आन्दोलित भएका छन् ।

सप्तरी उद्योग बाणिज्य संघको आह्वानमा बुधबार जिल्लाका उद्योगि व्यवसायीहरु पसल बन्द गरि सडकमा आन्दोलनमा उत्रेका हुन् ।

नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीति र चालु पुँजी कर्जा मार्गदर्शन २०७९ को बिरोधमा सप्तरीका व्यापारीहरु विभिन्न प्लेकार्ड, ब्यानर बोकर शान्तिपूर्ण जुलुस प्रदर्शन गरे ।

नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीति र चालु पुँजी कर्जा, मार्गनिर्देशन २०७९ को बिरोधमा विभिन्न प्ले कार्ड र ब्यानरसहित बजार क्षेत्र परिक्रमा पश्चात् जिल्ला प्रशासन कार्यालयमा पुगेका व्यवसायीहरुले प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा मार्फत नेपाल राष्ट्र बैंक र नेपाल सरकारलाई १५ बुँदे ज्ञापनपत्र समेत बुझाएका छन् ।

नेपाल राष्ट्र बैंकका गर्वनरलाई सम्बोधन गर्दै बुझाइएको ज्ञापनपत्रको बोदार्थ प्रधानमन्त्री र अर्थमन्त्री समेतलाई दिइएको छ ।

ज्ञापनपत्रमा बढ्दो ब्याज दर, अनियन्त्रित तरलता अभाव, चालु पुँजी प्रयोजनको आवधीक कर्जाको सीमा निर्धारण, ब्याज भुक्तानीको समयसीमा थप लगायतका १५ बुंदे माग समेट्दै यसको अविलम्ब समाधान खोज्नु पर्ने माग गरिएको छ ।

सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवालले नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीति र पुँजी कर्जा मार्गदर्शन २०७९ ले उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय सबै चौपाट हुने अवस्थामा पुग्ने भएकाले त्यस बिरुद्ध आन्दोलन गर्नु परेको बताएका छन् ।

देशको अर्थतन्त्र धान्ने उद्योग व्यवसाय र व्यपार क्षेत्रमाथी चौतर्फि आक्रमण हुन थालेको भन्दै बैंकले ८ प्रतिशतबाट एकै पटक १६/१७ प्रतिशतसम्म ब्याज लिएको र अर्कोतर्फ नयाँ मौद्रिक नीतिले उद्योगि व्यवसायीलाई थप संकटमा धकेल्ने काम गरेको उनको भनाई छ ।

यस्तै मधेश प्रदेश उद्योग बाणिज्य संघका उपाध्यक्ष अरुण प्रधानले यसअघि प्रवाह गरिएका कर्जामा ग्राहकको माग बमोजिम न्युनतम ब्याजदर कायम गरि निश्चित प्रतिशत पुनः कर्जा निर्धारण गर्न र यस वर्षको ब्याज तिर्ने समय थप गर्नुपर्ने माग गरे ।

अर्थतन्त्रलाई थप संकटमा जान नदिन बैंकले आफ्नो नाफा नोक्सान मात्र नहेरी नीजि क्षेत्रको अस्तित्व जोगाउन अग्रसर हुनु पर्ने तथा विदेशी मुद्रा संचितीमा परेको चाप कम गर्न स्वदेशमै उत्पादन बढाउनका लागि पनि नीजि क्षेत्रलाई सहयोग र सहलियत दिनुपर्ने उनको माग छ ।

चाडपर्वको समयमा बजारमा निकै चहलपहल देखिएपनि उद्योगि व्यवसायीहरुले आ-हाफ्नो पसल, प्रतिष्ठान, उद्योग दुई घण्टाका लागि बन्द गरि प्रदर्शनमा सहभागि भएका थिए ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी थापाले तत्कालै सम्बन्धीत निकायमा पठाई आवश्यक पहल गर्ने विश्वास दिलाएका थिए ।

## सुरक्षाको माग गर्दै प्रदर्शन

**राजविराज**/पछिल्लो पटक राजविराजमा चोरीका घटनाहरु बढ्दै गएपछि सुरक्षाको माग गर्दै स्थानियले प्रदर्शन गरेका छन् ।

चोरी पीडित संघर्ष समीति राजविराजको अगुवाईमा बुधबार स्थानीय शिवमन्दिरबाट नारावाजिका साथ नगरपरिक्रमा गर्दै प्रर्दशन गरेका हुन ।

प्रर्दशनमा सहभागीहरुले शान्तिसुरक्षाको प्रत्याभुती, दिनहु हुने चोरीका घटना नियन्त्रण, अपराधी पत्ता लगाई कडा कारवाही लगायतका नाराबाजी गर्दै नगरक्षेत्रको परिक्रमा गरेका थिए ।

दुई महिना यता लगातार झण्डै तीन दर्जन भन्दा बढी चोरीका घट्ना भएपछी स्थानीय शान्तिसुरक्षा र प्रहरी सक्रियता संगै रात्री गस्ती र निगरानी बढाउनु पर्ने माग गर्दै सडक प्रर्दशनमा उत्रेका हुन ।

सडक किनार र घर अगाडी राखिएका साइकल र मोटरसाईकल मात्र होइन, पसलको सटर र घरको झ्याल ढोका समेत फोडेर लाखौको धनमाल चोरी हुने क्रम बढेकाले र यस्ता अपराधिक घटना रोक्न स्थानीय प्रशासनलाई दवाव स्वरुप प्रर्दशन गरिएको संघर्ष समितीकी संयोजक सुनिता साहले बताईन ।


हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण स्वजाति जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

इन्द्रसागर गुप्ता
अध्यक्ष, तथा
रौनियार सेवा समिति, सप्तरी परिवार

हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

भुपेन्द्र प्रसाद यादव
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनमा रुसी क्षेप्यास्त्र आक्रमणमा परी ३० को मृत्यु, ८८ जना घाइते

**कीभ**/युक्रेनको जापोरिझिया शहरमा शुक्रबार रुसी क्षेप्यास्त्र आक्रमणमा परी कम्तीमा ३० को मृत्यु भएको छ भने ८८ जना घाइते भएको युक्रेनी अधिकारीलाई उद्धृत गर्दै सीएनएनले जनाएको छ ।

जापोरिझ्झिया क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेक्जेन्डर स्टारुखले टेलिग्राममा भने, "शत्रुले जापोरिझ्झियाबाट बाहिरिने बाटोमा नागरिक मानवीय काफिलेमा रकेट आक्रमण गरेका छन् ।"

युक्रेनको राष्ट्रिय प्रहरी प्रमुख इहोर क्लाइमेन्कोलाई उद्धृत गर्दै सीएनएनले उक्त हडतालमा मारिनेमा ११ वर्षीया बालिका १४ वर्षीय युवक रहेको बताइएको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रबार औपचारिकरूपमा चार क्षेत्र-डोनेट्स्क, लुहान्स्क, खेर्सन र जापोरिज्जियाको विलयको घोषणा गर्दै सो निर्णय लाखौं मानिसको इच्छा रहेको बताएका छन् ।

मिडिया रिपोर्टकाअनुसार पुटिनले चारवटा गाँसिएका क्षेत्रका बासिन्दा अब रुसकावास्तविक नागरिक हुने बताएका छन् । राष्ट्रपतिले अब नयाँ क्षेत्रको रक्षा गर्ने दायित्व रुसको रहेको बताएका छन् । उनले जनमत सङ्ग्रहको नतिजालाई "लाखौं जनताको इच्छा" पनि भनेका छन् । गत फेब्रअरी २४ मा, डोनेट्स्क र लुहान्स्क जन गणतन्त्रले आफ्नो रक्षा गर्न मद्दतको लागि अनुरोध गरेपछि रुसले युक्रेनमा विशेष सैन्य कारबाही शुरु गरेको हो । एजेन्सी

## अमेरिकामा इयान आँधीका कारण मृत्यु हुनेको संख्या २१ पुग्यो

**फ्लोरिडा**/दक्षिण क्यारोलिनाको तटमा आएको इयान आँधीले शुक्रबारसम्म फ्लोरिडामा मृत्यु हुनेको संख्या २१ पुगेको छ ।

फाइनान्सियल टाइम्सले जनाएअनुसार अमेरिकी राष्ट्रपति जो बाइडेनले यो आँधी "राष्ट्रको इतिहासमा सबैभन्दा खराबमध्येको एक हुन सक्छ" भन्दै यसबाट भएको विनाशको पुनःनिर्माण गर्न महिनौं वा वर्ष लाग्ने बताएका छन् । शक्तिशाली आँधीले बुधबार दक्षिण-पश्चिम फ्लोरिडाका थुप्रै घर ध्वस्त पारेको छ भने बिजुली प्रवाह अवरुद्ध भएको छ । एजेन्सी

## इरानमा सरकार विरोधी प्रदर्शनमा १९ को मृत्यु

**वासिङ्टन**/इरानमा एक २२ वर्षीय युवकको मृत्युलाई लिएर देशमा शुरु भएको सरकार विरोधी प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबीचको भएको घातक झडपमा शुक्रबार १९ जनाको मृत्यु भएको छ । कुर्दिश महिला, महसा अमिनी अनुचित पोशाक लगाएको आरोपमा उनको गिरफ्तारपछि प्रहरी हिरासतमा मृत्यु भएको थियो ।

इरानको सरकारी समाचार एजेन्सी इरनाले सिस्तान र बलुचिस्तानका प्रान्तीय गभर्नर होसेन मोदार्रेस खियाबानीलाई उद्धृत गर्दै उक्त भिडन्तमा १९ जनाको मृत्यु भएको र २० जना घाइते भएको बताएको छ । इरानी प्रदर्शनकारी र प्रहरीबीच दक्षिणपूर्वी इरानमा हिंसात्मक झडप भएको हो ।

इरानको सुन्नी अल्पसङ्ख्यकका उपासकले सिस्तान र बलुचिस्तान प्रान्तको राजधानी जाहेदानमा रहेको मक्की ग्रान्ड मस्जिदमा शुक्रबारको प्रार्थना छोड्दा भिडन्त भएको भ्वाइस अफ अमेरिकाले उल्लेख गरेको छ ।

मस्जिद भित्रबाट खिचिएको एउटा भिडियोमा उपासक बाहिर निस्किँदै गर्दा बाहिर बन्दुक पड्किएको आवाज सुनिएपछि भागदौड मच्चिएको थियो । एजेन्सी

## युक्रेनका केही भाग गाँभ्ने रुसी निर्णयको अमेरिकाद्वारा तीव्र आलोचना

**पेरिस**/फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले शुक्रबार युक्रेनी भू-भाग रुसद्वारा गाभिएको कार्यको निन्दा गर्दै यसलाई अन्तरराष्ट्रिय कानून र युक्रेनी सार्वभौमसत्ताको गम्भीर उल्लङ्घन भएको बताएका छन् ।

उनले यो कदमको फ्रान्सले विरोध गरेको र आफ्नो भू-भाग फिर्ता लिन रुस विरुद्धको युद्धमा युक्रेनको साथमा रहेको समेत प्रतिबद्धता व्यक्त गरेका छन् । उनले ट्वीट गर्दै लेखेका छन्,- रुसको चार युक्रेनी क्षेत्र गाँभ्ने कदम अवैध भएको, यसले अन्तरराष्ट्रिय कानून र युक्रेनी सार्वभौमिकता को गम्भीर उल्लङ्घन" गरेको बताएका छन् ।

"फ्रान्सले यसको विरोध गर्दछ, रुसी आक्रमणको सामना गर्न र युक्रेनलाई आफ्नो सम्पूर्ण भू-भागमा पूर्णस्वामित्व स्थापित गर्न, सार्वभौमसत्ता पुनःप्राप्त गर्ने कदममा युक्रेनको साथमा उभिनेछ," उनले ट्वीटरमा लेखेका छन् । एजेन्सी




डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन



मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# असोज १६ गतेभित्र समानुपातिकतर्फको संशोधित सूची बुझाउने समय

**काठमाडौं**/आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फ आयोगमा पेस गरिएको उम्मेदवारको बन्दसूचीमाथि दलहरुले असोज १६ गतेभित्र संशोधित सूची बुझाउन आयोगले सम्बन्धित दललाई आग्रह गरिसकेको छ ।

आयोगले बन्दसूचीको प्रस्तावमाथि जाँचबुझ गरी संशोधनका लागि असोज ४ गतेदेखि ९ गतेसम्म सूची पेश गर्न राजनीतिक दलहरुलाई आग्रह गरेको थियो । आयोगको आग्रहमोजिम ती दलले असोज १० देखि १६ गतेसम्म परिमार्जित सूची पेस गर्नुपर्नेछ । सम्बन्धित दललाई संशोधनका लागि पत्र पठाएको मितिले सात दिनभित्र संशोधन पेस गर्नुपर्ने आयोगका सचिव एवं उक्त प्रणालीतर्फको मुख्य निर्वाचन अधिकृत गोकर्णमणि दुवाडीले बताउनुभयो । उक्त प्रणालीमा ६८ दलले भाग लिएका छन् ।

संशोधित बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा असोज १७ गते बिहान १० बजेदेखि १२ बजेसम्म निवेदन दिने, सोही दिन दिउँसो १ बजेदेखि ३ बजेसम्म उम्मेदवारी फिर्ताबारे सम्बन्धित दललाई जानकारी दिने, असोज २० गतेदेखि २२ गते ३ बजेसम्म उम्मेदवारी फिर्ता लिएको कारणबाट रिक्त हुने स्थानमा सोही समूहले अर्को उम्मेदवार मनोनयन गर्नुपर्ने कार्यक्रम रहेको छ ।

यस्तै यही असोज २२ गते उम्मेदवारको बन्दसूचीमा सूचना प्रकाशन गर्ने, असोज २३ गतेदेखि २९ गतेसम्म बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारको योग्यतासम्बन्धी दाबी विरोधका लागि निवेदन दिने, असोज ३० गते दाबी विरोधको निवेदनमाथि जाँचबुझ गरी निर्णय लिने, कात्तिक ८ गते बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने र कात्तिक ९ गते उम्मेदवारको बन्दसूची अन्तिमरुपमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ ।

आयोगले सो प्रणालीका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय खडा गरी यही असोज २ र ३ गते उक्त बन्दसूची पेस गर्ने गरी निर्वाचन कार्यक्रम तय गरेको थियो । सूची पेस गर्दा समानुपातिक र समावेशी सिद्धान्तबमोजिम रित पुगेका आवश्यक कागजात अनिवार्यरुपमा पेश गर्न आयोगले दलहरुलाई आग्रह गरेको थियो ।

आयोगले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ असोज २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता र मनोनयनपत्रको सूची प्रकाशन गर्ने कार्यक्रम तय गरेको छ । असोज २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, असोज २४ देखि २५ गतेसम्म मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी निर्णय गर्ने तालिका रहेको छ ।

यस्तै असोज २५ गते उम्मेदवारको नामावली प्रकाशन गर्ने र असोज २६ गते उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने एवं उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने भएको छ ।

## *एमाले मधेशी ...*

बताए । वर्तमान गठबन्धन सरकारले १४ महिनामा देशको अर्थतन्त्रलाई ओरालो मात्र लगाएनन् उनले भने 'गठबन्धनको राजनीतिक गरेर प्रतिस्पर्धाको नाममा एक आपसमा द्वन्द फैलाउने र जनतालाई भ्रममा पार्ने काम समेत गरेका छन् ।

उनले वर्तमान सरकारलाई घुँढा टेक्ने सरकारको संज्ञा दिदै भने-'कसैले सिमा मिचेपनि घुँडा टेक्ने र चु सम्म नबोलेर कार्यकर्ताको प्रदर्शन गर्ने गरेका छन् ।'

उनले गठबन्धन दलका नेताको आचरणले तराई-मधेशका आम नागरिकले दुःख भोग्नुपरेको चर्चा गर्दै एमालेनै न्याय गर्ने दावी गरे । २०७४ को निर्वाचनमा अपेक्षित परिणाम ल्याउन नसकेको आफ्नो पार्टीले यसपल्ट उत्साहजनक परिणाम ल्याउने उनले दावी समेत गरे । यसपल्ट मधेशमा पनि आफ्नो पार्टीमा जनताको आकर्षक बढेको छ, उल्लेख्य संख्यामा अन्य दलका नेता/कार्यकर्ता प्रवेश गरिरहेका छन्, ओलीले भने- अहिले पनि अन्य दलका धेरै नेता कार्यकर्ता एमालेमा आउन आतुर छन् ।

२०७३ फागुन २३ मा पार्टीको मेची-महाकाली अभियान लिएर सप्तरीकै मलेठमा एमालेले ओलीकै उपस्थितिमा आयोजना गरेको चुनावी सभा मधेशवादी दलले विथोल्न खोज्दा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएको थियो । त्यो घटनाको करिब साढे पाँच वर्षपछि ओली सप्तरी आएका हुन् ।

यद्यपी मधेशवादी दलले फेरीपनि विरोधका कार्यक्रम गर्न सक्ने आकलन गरेका एमालेले यसपल्ट भने कार्यक्रम स्थल सदरमुकाम बाहिर पूर्व-पश्चिम राजमार्गमा पर्ने कञ्चनरुप नगरपालिकामा उनको कार्यक्रमलाई दृष्टिगत गरी कार्यक्रम स्थल र आपपास क्षेत्रमा सुरक्षा व्यवस्थालाई अत्यन्त कडा पारिएको थियो ।

सो सभामा ओलीले जसपा मधेश प्रदेश कमिटि सदस्य रिता यादवसहित विभिन्न पार्टी परित्याग गरी एमाले प्रवेश गरेका ८ सय ५५ जनालाई फुल माला र अबिर लगाई स्वागत गरे ।

उक्त सभाबाटै ओलीले मधेश प्रदेश निर्वाचन परिचाल कमिटि समेत घोषणा गरे । राष्ट्रिय युवा संघ नेपाल मधेश प्रदेश कमिटिका अध्यक्ष मोविन आलमको अध्यक्षतामा आयोजित सभामा एमाले नेता महेश बस्नेत, समुन प्याकुरेल, मनिष श्रेष्ठ, राजकुमार लेखी, दिवाकर देवकोटा, सरिता गिरी, किरण पौडेल लगायतले पनि सम्बोधन गरेका थिए ।


हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**

हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
**अध्यक्ष, तथा**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, सप्तरी, परिवार**

जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर तथा कार्यस्थलबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
HBL Himalayan Bank Ltd.
BATAS
CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*